दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्डः ८ संख्याः ०१ मितिः २०८१/०२/२०

**भाग-२**

**मनहरी गाउँपालिका**

**गाउँपालिका अध्यक्षबाट प्रमाणित मिति : २०८१/०२/२२**

# मनहरी गाउँपालिकाको आयोजना कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० (प्रथम संशोधन)

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०२/२०

प्रमाणित मिति : २०८१/०२/२२

प्रस्तावना :

मनहरी गाउँपालिकाको आयोजनाको कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को कार्यान्वयनगत जटिलतालाई हटाई कार्यप्रकृया सहज, सरल र सेवाग्राहीमैत्री बनाउन बाञ्छनीय भएकाले मनहरी गाउँपालिकाको आयोजनाको कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को पहिलो संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मनहरी गाउँपालिकाको आयोजनाको कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० (प्रथम संशोधन,) रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखी लागु हुनेछ।

२. दफा १० को उपदफा १ को खण्ड छ पछि खण्ड ज, र उपदफा २ थप गर्ने ।

(ज) बाटोको नयाँ ट्र्याक खन्ने आयोजनाकोलागि अनुसुची-१२ बमोजिम ढाँचाको बाटोको नयाँ ट्र्याक खोल्ने आयोजनाकोलागी फिल्ड सर्वेक्षण/सम्भावना अध्ययन प्रतिबेदन फारम ।

(२) यस दफाको अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि बिधालयमा गठन हुने निर्माण वा खरीद समितिहरुबाट कार्य सञ्चालन गर्दा निम्न प्रकृयाबाट सम्झौता/कार्यादेश भई सम्पन्न आयोजनाको फरफारक कार्य गर्न सकिने छ ।

निम्नः

बिनियोजित बजेटबाट बिधालयले सार्बजनिक (निर्माण वा जिन्सी) खरीद गर्दा वडा अध्यक्ष वा निजले तोकेको सदस्य जनप्रतिनिधिको रोहबरमा बिधालय व्यबस्थापन समिति र शिक्षक अबिभावक संघको संयुक्त बैठक बस्नु पर्ने छ ।सकेसम्म सो बैठकमा थप अबिभावक/शिक्षक र विद्यार्थीमध्येबाट एक छात्र/छात्रा समेत समावेश गर्नुपर्ने छ। त्यसरी बसेको बैठकबाट

क. गर्नुपर्ने कामको बिबरण के के हो भनि खुलाइएको र निर्णयको आधारमा लागत अनुमान तयार गर्ने निर्णय भइ सोही बमोजिम ल.ई.तयार भएको हुन पर्ने छ । ल.ई.बमोजिमको योजना संचालन गर्ने निर्णय भएको हुन पर्ने छ ।

ख. उक्त कार्य गर्न बैठकमा उपस्थितहरु मध्यबाट अध्यक्ष-१,सदस्य-५ र सदस्य-सचिव-१(प्र.अ.) भएको ७(सात) सदस्य निर्माण वा खरीद समिति गठन गर्नुपर्ने छ । यसरी गठित समितिमा पदेन सदस्यको रुपमा वा जुनसुकै प्रकृयाबाट बि.ब्य.स./PTA मा प्रतिनिधित्व गर्ने जनप्रतिनिधि तथा शिक्षक सहभागी हुन पाईने छैन ।

ग. उक्त बैठकमा उपस्थित मध्यबाट जुनसुकै प्रकृयाबाट बि.व्य.स./PTA मा प्रतिनिधित्व गर्ने जनप्रतिनिधि तथा शिक्षक बाहेकमात्र एक महिला सहित ३ सदस्य अनुगमन समिति गठन गर्ने निर्णय भएको हुन पर्ने छ ।

घ. लागत अनुमान बमोजिमको काम गर्न गाउँपालिका संग सम्झौता लगाएत कार्यकालागि निर्माण वा खरीद समितिका अध्यक्ष र सदस्य-सचिवलाई अख्तियारी प्रदान गर्ने निर्णय भएको हुन पर्ने छ ।

ङ. बिधालयको नाममा रहेको खातालाईनै प्रयोग गर्ने भन्ने निर्णय भएको हुन पर्ने छ ।

च. सम्झौताका लागि गाउँपालिकालाई सिफारिस गरिदिन वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय भएको हुन पर्ने छ ।

उक्त निर्णयहरु भए पश्चात तपशिलका कागजात सहीत गाउँपालिकाको योजना शाखा,जिन्सि शाखा वा सम्बन्धित अन्य शाखामा सम्झौताकोलागि निर्माण वा खरीद समिति अध्यक्ष र सदस्य-सचिव दुबै जना अनिबार्य उपस्थित भइ सम्झौता गरि कार्यदिश लिन पर्नेछ ।

तपशिलः

क.सम्झौताकोलागि

-भेला निर्णयको प्रतिलिपी-१

-बिधालयको लेटरप्याडमा -सम्झौता गरिपाउँ निबेदन-१

-लागत अनुमानको सक्कल-२

-वडा कार्यालयको सिफारिस सक्कल-१

-अनुगमन समिति सहीत सबै १० जनाको नागरीकताको प्रतिलिपी-१/१

-निर्माण स्थलको हालसालै खिचेको अहिलेको अबस्था देखिने पोष्ट कार्ड साईजको फोटो कम्तिमा- २ प्रति

-बिधालयको छाप

-रेकर्ड फाईल डोरी समेत

ख.सम्झौता पश्चात

सम्झौता र कार्यदिश पश्चातको मिति देखि सम्झौतामा रहेको म्याद भित्र तोकिएको गुणस्तर र परिमाण सुनिश्चित हुने गरि वडा प्राबिधिक (आबस्यकता बमोजिम गाउँपालिकाको प्राबिधिक समेत) को प्रत्यक्ष रेखदेखमा कार्य सम्पन्न गर्नु पर्ने छ ।

-कार्य सम्पन्न भए पश्चात प्राबिधिक मूल्याङ्कन,कार्य स्वीकार,नापी किताव लगायत प्राबिधिक बिबरण तयार गर्ने,

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रञ्जन कालाखेती
अध्यक्ष

-काम संग सम्बन्धित नियमानुसारका भ्याट बिल,अन्य बिल,भरपाई,डोर हाजीर,ढुवानी साधनको बिलबुक/लाईसेन्स लगायतको कागजात सिलिसलाबद्ध तयार गर्ने,निर्माण वा खरीद कार्यको फोटोहरु,योजना शाखाबाट उपलब्ध गराईएका अनुसुचि-३,४ र ६ फारमहरु र स्व-घोषणा फारम पूर्ण रुपले बिबरण भरिएको,उक्त निर्माण वा खरीदकालागि गठन भएको अनुगमन समितिको प्रतिबेदन,वडा अनुगमन समितिको प्रतिबेदन,जिन्सी सामान खरीद भए बिधालयको जिन्सी खाता(खप्ने सामान भए खप्नेमा नखप्ने सामान भए नखप्नेमा)मा दाखिला गरेको प्रमाणीत बिबरणको प्रतिलिपी,निर्माण वा खरीद समितिको बैठकले काम सम्पन्न भएकोले भूक्तानी माग गर्ने निर्णय गरेको(योजनामा भएको कुल आम्दानी र खर्चको बिबरण सोही निर्णयमा भएको),निर्माण वा खरीद समितिले समय भित्रै गुणस्तरीय र तोकिएको परिमाणको काम सम्पन्न गरेकोले भूक्तानी गरिदिनुहुन भन्ने बि.ब्य.स.को निर्णय सहीतको सिफारिस,वडा कार्यालयबाट योजना फरफारक गरि भूक्तानी दिनुहुन भन्ने सिफारिस समेत राखि बिधालयको लेटरप्याडमा सोही निर्माण वा खरीद समितिको अध्यक्षले दिएको निबेदन सहीत अन्य आबस्यक कागजात संलग्न राखि भूक्तानीकोलागि योजना/जिन्सि वा सम्बन्धित शाखामा पेश हुन गर्ने छ ।

-माथि उल्लेखित प्रकृया सहीतका कागजात प्राप्त भएपछि योजना तथा अनुगमन शाखाबाट नियमानुसार अनुगमन पश्चात बिधालयको खातामा भूक्तानी हुने छ ।

सार्बजनिक खरीद ऐन र नियमावलीले तोकेको प्रकृया पुरा गरी निर्माण वा खरीद कार्य सञ्चालन गर्नु बिधालय प्रशासनको दायित्व हुने छ ।

३. दफा १९ को उपदफा ३ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

१९(३) समितिले आफ्नो कामलाई छिटो छरितो र प्रभावकारी बनाउन कार्यपालिकाको बिषयगत समितिको संयोजकको संयोजकत्वमा सोही बिषयगत समितिका सदस्य वा अन्य जनप्रतिनिधि र सम्बन्धित शाखा फाँटका कर्मचारी समेत संलग्न रहनेगरि बिषयगत रुपमा अनुगमन टोली गठन गरि जिम्मेवारी तोक्न एबम् त्यस्तो बिषयगत अनुगमन समितिको सदस्य-सचिवको जिम्मेवारी सम्बन्धित शाखा/फाँटका प्रमुखलाई तोक्न कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

४. दफा ३८ पछि ३८ क थप गरिएको छ ।

३८(क) उपभोक्ता समितिका पदाधिकारीहरुले कसैले पनि आयोजनाको काम संचालनमा रहेको बखत बिचैमा र उपभोक्ता समितिको पुनरगठन नहुनेजेल आफुलाई आम भेलाबाट प्राप्त जिम्मेवारी छाड्न हुदैन । बैदेशिक यात्राको सिलसिला वा अन्य कुनै अत्याबस्यक कारणबाट जिम्मेवारीबाट हट्न चाहेमा राजिनामा पेश गर्नुपर्ने र समितिले पुन आकस्मिक समितिले बैठक बोलाई निजहरुको राजिनामा स्वीकृत गरि रिक्त पदमा बैठकमा उपस्थित मध्यका सदस्यबाट पूर्ति हुनेगरि समितिको पुनरगठन गर्नुपर्ने छ । त्यस्तो आकस्मिक भेलामा अनिबार्य रुपले वडाका जनप्रतिनिधिको रोहबर हुन पर्ने छ । समितिको पुनरगठन भएको जानकारी खुलेको वडा कार्यालयबाट सिफारिस समेत पेश भएमा कार्यालयले पुनरगठित पदाधिकारी सहीतको समित संगबाट बाँकी काम सम्पन्न गराई आयोजना फरफारक गर्नेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रञ्जन कालाखेती
अध्यक्ष

अनुसुची-१२

कार्यबिधिको दफा १० उपदफा १ खण्ड झ संग सम्बन्धित

# श्री मनहरी गाउँपालिका

रजैया,मकवानपुर

**बाटोको नयाँ ट्र्याक खोल्ने आयोजनाकोलागी फिल्ड सर्वेक्षण/सम्भावना अध्ययन प्रतिबेदन**

(उपभोक्ताबाट संचालन हुने आयोजनाकोलागी)

१.आयोजनाको नामः

२.आयोजना कार्यान्वयन हुनेः वडा नं.

स्थान/टोल.........................................................

३.नयाँ ट्र्याक खन्नुपर्ने च्यानेज.........देखि च्यानेज............सम्म जम्मा लक्षः...................मिटर

४.नयाँ ट्र्याक खन्नुपर्ने.........................................टोल देखि ..................................टोल सम्म

५.लम्बाई...........मि. चौडाइ...... उचाई..........खन्नु पर्ने बाटो जम्मा घनमीटर............बक्स कटिङ्ग पर्ने/नपर्ने................

६.प्रत्यक्ष लाभान्वित हुने घरधुरीः.........../जनसंख्या.........टोलमा रहेका मुख्य जात जाती......................

७.उक्त आयोजनाको यस अघि प्रारम्भिक वातावरणीय परिक्षण(IEE) भएको छ/छैन,छैन भने

उपरोक्त आयोजनाले बन/बाताबरणमा पार्ने असरः

क.आयोजनाले निजि स्वामित्वको जग्गा अन्दाजी कति कठ्ठा प्रयोग गर्छ?......................कठ्ठा

ख.उक्त प्रयोग हुने जग्गाका धनीहरु जग्गाको लगत कट्टा गराई सार्वजनिक गर्न मञ्जुर छन?

(मञ्जुर छन भने जग्गा धनीको नाम,कि.नं.र तर्फ/अन्दाजी क्षेत्रफल खुलाई नागरीकताको प्रतिलिपी समेत राखेर सम्बन्धित जग्गाधनीले दिएको मञ्जुरीनामा पत्र वडाबाट प्रमाणीत गराई छुट्टा छुट्टै यसै प्रतिबेदन साथ संलग्न राख्नु पर्ने छ,मञ्जुर छैनन भने आयोजना कार्यान्वयन रद्ध गर्न सिफारिस गर्नुपर्ने छ ।)

ग.आयोजना निजि बाहेक ऐलानी/सार्बजनिक/सरकारी जग्गा प्रयोग गरि कार्यान्वयन गर्ने हो भनेः

(सम्बन्धित व्यक्ति/संस्था/सामुदायिक बन वा सम्बन्धित सरकारी निकायको र सम्बन्धित वडा समितिको बैठकको निर्णयबाट प्रदान गरेको सहमती पत्र यसै प्रतिबेदन साथ संलग्न राख्नु पर्ने छ ।)

मनहरी गाउँपालिका

अध्यक्ष

घ.उक्त आयोजनाले निजि/कबुलियत/सामुदायिक बन क्षेत्र प्रयोग गर्छ कि गर्दैन?........................

गर्छ भने साना......... र ठूला...........गरेर कति वटा रुख/बिरुवा/बुटयान हटाउन पर्छ? पर्छ भने, संख्या......................वटा

(रुख/बिरुवा/बुटयान हटाउन पर्ने भए सम्बन्धित निकायबाट उक्त रुख/बिरुवा/बुटयान हटाउने सहमतीपत्र अनिबार्य पेश गर्नु पर्ने छ)

८.उक्त आयोजनाले बन बाहेक अरु प्रकारको बाताबरणीय असर पार्छ पार्दैन? जस्तै भू-क्षय,खोला थुनिने,घर बस्ति जोखिममा पर्ने वा अन्य केही? छ भने खुलाउने................................(एक भन्दा बढी हुन सक्छ,उक्त  असर रोकथाम गर्न कस्तो उपाय अपनाउन सकिन्छ)सुझाव......................................

९.आयोजना प्रति उपभोक्ताको रुची:(चिन्ह लगाउने)

क.उत्साहबर्धक सकृयता देखिएको छ ।

ख.उदासिन निष्कृयता बिधमान रहेको छ ।

१०.आयोजना सम्पन्न गर्न लाग्ने लागत:अन्दाजी रु...............................,आयोजना कार्यान्वयनकोलागि अरु कुनै निकाय बाट पनि बजेट बिनियोजन छ कि?(चिन्ह लगाउने)(जस्तै संघ सरकार/प्रदेश सरकार/सामुदायिक बन)

क.छैन ।

ख.छ भने कति? रु..............................

यो आयोजना नितान्त नयाँ हो बा यस अघि पनि काम भएको थियो? (चिन्ह लगाउने)

क.नितान्त नयाँ हो ।

ख.पहिला पनि काम भएको भए..

काम गर्ने निकायको नाम........................................................................

काम गरेको बर्ष...................

खर्च भएको भनिएको रकम.........................

११.जनश्रमदानको अबस्था:(चिन्ह लगाउने)

क.श्रमदान पर्याप्त जुटाउन सकिने देखिन्छ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया,मकवानपुर ...नेपाल

...रमेश सुवेदी

रन्जन कालाखेती
अध्यक्ष

ख.श्रमदानको सट्टा नगद जुट्न सकछ ।

ग.नगद वा पुरै श्रमदान जुटाउन सम्भव छैन नियमानुसार उपभोक्ता योगदान हुने गरि कार्यान्वयन गर्दा ठीक हुन्छ ।

१२.आयोजना सम्पन्न भए पश्चात प्राप्त हुने उपलब्धिः..........................................................

१३.आयोजना संचालन गर्न मेशिन प्रयोग गर्नु पर्ने भए कतो मेशिन आबस्यक पर्ने हो(चिन्ह लगाउने)

क.ब्याक हो          ख.एक्साभेटर          ग.ब्रेकर सहीत

१४.आयोजना कार्यान्वयन गर्दा कुनै खानी जन्य पदार्थ उत्खनन हुन सक्छ?हुन सक्छ भने..

क.माटो..........घनमीटर

ख.ग्राभेल.........घनमीटर

ग.ढुङ्गा...........घनमीटर वा अरु केही..............................

१५.समग्रमा आयोजना कार्यान्वयन योग्य छ/छैन?(चिन्ह लगाउने)

क.छ (त्यसो भए ठेक्काबाट वा उपभोक्ता समिति कुन बिधि ठीक हुन्छ चिन्ह लगाउने)

ठेक्का          उपभोक्ता समिति

ख.छैन (त्यसो भए जन सुबिधाको निम्ति अरु बैकल्पिक ब्यबस्था के हुन सक्छ)

राय पेश गर्ने.......................................................................................

..........................................................................................

| तयार गरी पेश गर्ने | रुजु गर्ने | सिफारिस गर्ने |
| --- | --- | --- |
| ......वडा प्राबिधिक | पूर्वाधार शाखा प्राबिधिक | ..नं वडा अध्यक्ष |

प्रमाणित गर्ने
..................
रन्जन कालाखेती
गाउँपालिका अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रञ्जन कालाखेती
अध्यक्ष